**पर्सागढी नगरपालिका**

नगर कार्यपालिकाको कार्यालय

हरपुर, पर्सा

मधेस प्रदेश, नेपाल

# आय ठेक्कासम्बन्धी बोलपत्र आह्वानको सूचना

**प्रथमपटक प्रकाशित मितिः २०८१/०६/२३ गते**

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ६२ (क) र यस पर्सागढी नगरपालिकाको आर्थिक ऐन २०८१ को दफा १८ (१) र (२) बमोजिम तपसिलमा उल्लिखित नदीको स्वीकृत घाटबाट निर्धारित मापदण्ड बमोजिम नदीजन्य पदार्थ उत्खनन गर्ने तथा पोखरीमा माछापालन गर्ने कार्यको ठेक्का बन्दोबस्त गर्नुपर्ने भएकोले इच्छुक व्यक्ति, फर्म वा कम्पनीहरूले फर्मको नवीकरण भएको प्रमाणपत्र, मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्र, आव २०८०/८१ को करचुक्ता प्रमाणपत्र र नेपाली नागरिकताको प्रमाणको प्रमाणित प्रतिलिपिहरू संलग्न गरी तपसिल बमोजिमका शर्तहरूको अधीनमा रही बोलपत्र प्रक्रियामा सहभागी हुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

तपसिल

| सि.नं. | आय ठेक्का नं. | बोलपत्रको नाम | परिमाण | न्यूनतम बोलपत्र रकम मूअकरबाहेक | धरौटी रकम | बोलपत्र दस्तुर रु | ठेक्का अवधि |
|---|---|---|---|---|---|---|---|
| १ | ०१/खोला/०८१-०८२ | करजनिया खोलाबाट नदीजन्य पदार्थ उत्खनन कार्य | ९,७०,३८१.६४ घनफिट | ४८,५१,९०८/२० | २,४२,६००/०० | ३,०००/०० | सम्झौता भएको मितिले २०८२ जेठ मसान्तसम्म |
| २ | ०२/खोला/०८१-०८२ | पचरुखी पोखरी, पर्सागढी नपा-५ पचरुखी | क्षेत्रफल ४-१-० | २५,००,०००/०० | १,२५,०००/०० | ३,०००/०० | सम्झौता भएको मितिले ५ वर्ष |

**शर्तहरू**

१) फर्मको हकमा नवीकरण भएको दर्ता प्रमाणपत्र मूल्य अभिवृद्धिकर दर्ता प्रमाणपत्र, आव २०८०/८१ को करचुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि र व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, बोलपत्र फाराम दस्तुरबापत यस कार्यालयमा नगदै तिरेको वा सानिमा बैंक पर्सागढी शाखामा रहेको खाता नं ०६३३०१०००४००००००५ मा नगदै जम्मा गरेको भौचर तथा निवेदन पेश गरी यो सूचना प्रथमपटक प्रकाशित भएको मितिले ३०औं दिनको कार्यालय समयभित्र कार्यालयबाट बोलपत्र फाराम खरीद गर्न सकिनेछ। तोकिएको बोलपत्र दस्तुर यस कार्यालयको राजस्व शाखा वा कार्यालयको सानिमा बैंक पर्सागढी शाखाको खातामा माथि उल्लिखित खाता नम्बरमा जम्मा गरेको भौचरलाई बोलपत्रसम्बन्धी कागजात साथ संलग्न गर्नुपर्नेछ।

२) बोलपत्र पेश गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सोको लगत्तै पछिको कार्यालय खुल्ने दिन उल्लिखित कार्य हुनेछ।

३) बोलपत्रसम्बन्धी फाराम भर्दा कबोल रकम अक्षर र अङ्कमा स्पष्ट उल्लेख गर्नुपर्नेछ। अङ्क र अक्षरमा फरक परेमा अक्षरलाई मान्यता दिइनेछ। आफूले कबोल गरेको अङ्कको ५ (पाँच) प्रतिशत दरले हुन आउने धरौटी रकम यस कार्यालयको सानिमा बैंक पर्सागढी शाखाको धरौटी खाता नं ०६३०१००४००००००३ मा जम्मा गरी सोको सक्कल भौचर वा नेरा बैंकबाट मान्यताप्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी भएको १२० दिन म्यादसहित जारी गरिएको बिडबन्ड सिलबन्दी खामसाथ पेश गर्नुपर्नेछ।

४) खरीद गरेको बोलपत्र फारामहरूमा उल्लेख भएका सबै विवरण भरी बोलपत्रदाताले प्रत्येक पानामा सहीछाप गरी सिलबन्दी गरी खामबाहिर फर्मको नाम, ठेगाना, कामको विवरण, बोलपत्र विवरण, प्रोप्राइटरको नाम, ठेगाना, फोन नं, मोबाइल नंसमेत स्पष्ट खुलाइ फर्मको छाप लगाइ प्रथमपटक सूचना प्रकाशित भएको मितिले ३१औं दिन दिनको १२:०० बजेभित्र यस कार्यालयमा हार्डकपी दर्ता गर्नुपर्नेछ।

५) एक फर्म वा संस्थाको नाममा खरीद गरिएको बोलपत्र अर्को फर्म वा संस्थाका नामबाट दाखिला गर्न पाइनेछैन। रीतपूर्वक पर्न आएका बोलपत्रसम्बन्धी कागजातहरू पेश गर्ने अन्तिम दिनको १:०० बजेभित्र विभिन्न कार्यालयका प्रतिनिधि, निर्माण व्यवसायी वा निजका प्रतिनिधिहरूको रोहबरमा यस कार्यालयमा खोलिनेछ। साथै बोलपत्रदाता वा निजको प्रतिनिधि बोलपत्र खोल्ने समयमा उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्नेछैन। उक्त दिन बिदा परेमा सो कार्य बिदाको लगत्तै पछि कार्यालय खुलेको दिनमा गरिनेछ।

६) प्रि-बिड बैंक यो सूचना प्रकाशित मितिले २०औं दिन दिनको १:०० बजे पर्सागढी नगरपालिकाको कार्यालयमा हुनेछ। इच्छुक बोलपत्रदाताहरूले उक्त बैठकमा भाग लिई यस सम्बनधमा विस्तृत जानकारी हासिल गर्न सक्नुहुनेछ। उक्त दिन बिदा परेमा उक्त बैठक सोको भोलिपल्टै सोही समयमा हुनेछ।

७) बोलपत्रसम्बन्धी विस्तृत जानकारी बोलपत्रसम्बन्धी फाराममा उल्लेख गरिएको हुँदा सोही पुस्तिकाबाट अवगत गर्न वा यस कार्यालयमा सम्पर्क राख्न सकिनेछ। म्याद नाघी रीत नपुगी वा शर्तसहित पेश हुन आएका बोलपत्र स्वीकार गर्न यस कार्यालय बाध्य हुनेछैन। बोलपत्र स्वीकृत गर्ने वा नगर्नेसम्बन्धी सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ।

८) ठेक्का नं १ को हकमा बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मूअकर दर्ता प्रमाणपत्रसमेत लिई कबोल अङ्कको प्रथम किस्ताबापत ४० प्रतिशतले हुने रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो र तेस्रो किस्ताबापतको ६० प्रतिशतले हुने रकम नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८२ असार मसान्तसम्म म्यादसहित जारी गरिएको बैंक ग्यारेन्टी (परफरमेन्स बन्ड)समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्मले आफूले कबोल गरेको अङ्क सेवा शुल्कबापत हुन आउने जम्मा रकमको नियम अनुसार १३ प्रतिशत मूअकरसमेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियम अनुसार नेपाल सरकारलाई आयकर तथा अन्य बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ।

९) ठेक्का नं २ को हकमा बोलपत्र स्वीकृत भएमा सोको सूचना पाएको वा घरदैलोमा सूचना टाँस भएको मितिले १५ दिनभित्र मूअकर दर्ता प्रमाणपत्रसमेत लिई कबोल अङ्कको प्रथम किस्ताबापतको रकम यस कार्यालयको आन्तरिक राजस्व खाता नं ०६३०१००४००००००५ मा रकम अनिवार्य बुझाउनुपर्नेछ। दोस्रो किस्ता २०८२ साउन मसान्तसम्म, तेस्रो किस्ताबापतको रकम २०८३ साउन मसान्त र चौथो किस्ता २०८४ साउन मसान्त र अन्तिम किस्ता २०८५ साउन मसान्तसम्म भुक्तानी गर्नुपर्नेछ। चार किस्ता रकम बराबरको नेपाल राष्ट्र बैंकबाट इजाजतप्राप्त वाणिज्य बैंकबाट यस कार्यालयको नाममा २०८६ कात्तिक मसान्तसम्म म्यादसहित जारी गरिएको बैंक ग्यारेन्टी (जमानीपत्र) समेत पेश गरी पट्टा उठाउनुपर्नेछ। साथै बोलपत्र कबोल गर्ने व्यक्ति वा फर्म आफूले कबोल गरेको अङ्क सेवा शुल्कबापत हुन आउने जम्मा रकमको नियम अनुसार १३ प्रतिशत मूअकरसमेत यस कार्यालयमा बुझाउनुपर्नेछ। नियम अनुसार नेपाल सरकारलाई आयकर तथा अन्य कर बोलपत्रदाताले छुट्टै बुझाउनुपर्नेछ।

१०. तोकिएको समयभित्र पट्टा उठाउन नआएमा राखिएको धरौटी रकम जफत गरी नियम अनुसार बोलपत्र बन्दोबस्त गरिनेछ। यस नगरपालिकाको नदी तथा नदीहरूको उत्खनन क्षेत्र र उत्खनन परिमाणका सन्दर्भमा स्थानीय सरकार सञ्चालन ऐन २०७४ सम्बन्धी स्थानीय तहबाट जारी भएका कानून, प्रदेश कानून तथा अन्य प्रचलित कानून वा मापदण्ड बमोजिम हुनेछ। साथै यस कार्यालयबाट गरिएका वातावरणीय अध्ययन प्रतिवेदन यस बोलपत्र सम्झौताको अभिन्न अङ्ग मानिनेछ।

११. नदीजन्य पदार्थ उत्खनन कार्यमा हेभी उपकरणहरू (एक्साभेटर, लोडर, टिपर) प्रयोग गर्न पाइनेछैन।

१२. नदीजन्य पदार्थ उत्खनन कार्य परिमाणमा आधारित रहेको हुँदा तोकिएको समयसीमा वा परिमाणमध्ये जुन पहिले आउन जान्छ, सोलाई गणना गरी उत्खनन कार्य बन्द गर्नुपर्नेछ।

१३. यस कार्यालयको वा सार्वजनिक खरीद अनुगमन कार्यालयको निर्णयबाट कालोसूचीमा परेका व्यक्ति, फर्म वा कम्पनी यो ठेक्का प्रक्रियामा सहभागी हुन पाउनेछैन।

१४. विस्तृत जानकारीको लागि यस कार्यालयको website: parsagadhimun.gov.np मा हेर्न सकिनेछ।

**प्रमुख प्रशासकीय अधिकृत**

Scanned with CamScanner